स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित अभिनेत्री जसिता गुरुङले शनिबार आफ्नो जन्मदिन मनाएकी छन् । जन्मदिनको अवसरमा उनलाई प्रशंसकदेखि कलाकारसम्मले सामाजिक सञ्जालमार्फत शुभकामना दिइरहेका छन् । रोमान्टिक जनराका फिल्ममार्फत दर्शकमाझ लोकप्रिय बनेकी उनी अहिले नेपाली फिल्म उद्योगकी डिमान्डेड अभिनेत्रीमध्ये एक हुन् । "लिली बिली" बाट नेपाली फिल्ममा डेब्यू गरेकी जसिताले त्यसयता लभ स्टेसन, ज्याकी आइएम २१, फर्की फर्की र जेरी अन टप जस्ता फिल्ममा अभिनय गरिसकेकी छन् ।

**आजको विचार...**



सुकुमबासी...
*(दुई पेजमा)*

डा. आरसी लामिछाने



फिल्म "काजी"को ट्रेलर सार्वजनिक भएको छोटो समयमै दर्शकबाट सकारात्मक प्रतिक्रिया आउन थालेको छ। भावनात्मक संवाद, पारिवारिक कथा, अभिनेता विपिन कार्की तथा अभिनेत्री केकी अधिकारीको अभिनयलाई लिएर सामाजिक सञ्जालमा राम्रो चर्चा भइरहेको छ। ट्रेलरमा प्रस्तुत प्रेम, विश्वास र सम्बन्धभित्रको द्वन्द्वले दर्शकको ध्यान तानेको छ। विशेषगरी विपिनको भावुक संवाद र केकीले निर्वाह गरेको समर्पित पत्नीको भूमिकालाई दर्शकले रुचाएको देखिन्छ।

❒ वर्ष ३१ ❒ अंक २८८ ❒ २०८३ जेठ ३ गते आइतबार 17 May 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## आजदेखि कडा मलमास लाग्दै : नवदम्पतीले बार्नैं पर्ने, के-के गर्नुहुँदैन ?

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ २/ प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आजदेखि सुरु भएको छ । असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार तीन सय ६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ ।

यस वर्ष जेठ महिनाको २ गते शनिबार र ३१ गते आइतबारका दिन औंशी तिथि परेको छ ।

पञ्चांग गणनाको सूर्यमानअनुसार वर्षमा ३६५ दिन, १५ घडी, ३१ पला र ३० विपला हुन्छ




जब कि चन्द्रमान अनुसार वर्षमा ३५४ दिन, २२ घडी, १ पला र २३ विपला हुन्छ । सूर्य तथा चन्द्रमानबीच वर्षमा १० दिन ५३ घडी, ३० पला एवं ७ विपलाको अन्तर हुने गर्छ । यसै अन्तरलाई समायोजित गर्नका लागि 'अधिक मास'को व्यवस्था गरिएको ज्योति हरी पन्तले बताए । अधिका मासको निर्णय सूर्य सङ्क्रान्तिको आधारमा गरिन्छ । जुन महिनामा सूर्य सङ्क्रान्ति हुँदैन त्यसलाई अधिक मास भनिन्छ । ज्योतिषशास्त्रीय दृष्टिकोणले अधिमास, अधिकमास तथा पौराणिक दृष्टिले पुरुषोत्तम मास, पुरुषोत्तम महिना भनिने यो महिना हरेक ३३ महिनामा पर्दछ । जुन चान्द्रमासमा सूर्यसङ्क्रान्ति हुँदैन, त्यो महिनालाई अधिमास भनिन्छ । अर्को अर्थमा भन्दा यदि चान्द्रमासको दुवै पक्षमा सूर्य सङ्क्रान्ति हुँदैन अर्थात् सूर्य कुनै पनि राशिमा प्रवेश गर्दैन भने त्यो सङ्क्रान्तिहीन महिना गणना गर्दा फाल्टु हुन्छ र यही फाल्टु महिनालाई चलनचल्तीको भाषामा अधिकमास, अधिमास, मलमास, पुरुषोत्तम मास या पुरुषोत्तम महिना भनिन्छ ।

**मलमासमा नवदम्पतिले के-के गर्नुहुँदैन ?**

एक वर्ष पूरा नभएका अर्थात नवविवाहित पतिपत्नीबीच यौनसम्पर्क भए पतिको आयु क्षीण अर्थात थोरै हुन्छ भनिएको छ । यसको अर्थ पुराना दमपतीलाई चाहिँ छुट छ भनिएको होइन, पूराना दम्पतीमा पनि यो नियम केही हदसम्म लागू हुन्छ । यो अवस्थामा यौनसम्पर्क भएर गर्भ रहे सन्तान स्वस्थ जन्मँदैन । गर्भ रहेर बच्चा जन्मिए पनि आयु थोरै हुन्छ भनिएको छ । यस्तै नयाँ जोडी मलमासभर एउटै घरमा बस्न नहुने र एउटै धाराको पानी पिउन नहुने शास्त्रीय मान्यता छ । विवाहदेखि पछिको पहिलो वा विवाह गरेको वर्षमा आउने महिना आषाढमा पतिगृहमा अर्थात श्रीमानसँग बस्दा बुहारीले सासू पिर्ने,पहिलो क्षयमासमा बस्दा आफ्नै शरीरमा पीडा हुने, पहिलो जेठमा बस्दा जेठाजु पिर्ने,पहिलो पुसमा बस्दा ससुरालाई पिर्ने,पहिलो अधिकमासमा बस्दा पतिलाई पिर्ने, पहिलो चैतमा पितृगृहमा बस्दा आफ्नै पिता अर्थात बुबालाई पिर्ने ज्यो. पन्तको भनाई छ । उनका अनुसार यो मलमास सके एक महिना, नसके १५ दिन, नभए सात दिन त्यो पनि नसक्नेले तीन दिन अनिवार्य बार्नुपर्ने बताए ।

**मलमासमा के गर्ने ? के नगर्ने ?**

मलमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ । नित्य बसिरहेको व्रत गर्ने विभिन्न शास्त्रमा वर्णन गरिएको छ । पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुवात गर्नु नहुने परम्परा छ । मलमासको समयमा महादान, मांगलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्नु हुँदैन । यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन । नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ । बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नु हुँदैन ।

**मलमासमा गर्न हुने कार्य:**

यो समयमा वार्षिकी कार्य, दैनिक नित्य कर्म सधैँ गरेर ल्याइएका कर्महरू, जस्तो: हरेक दिन बिहान बेलुका पूजा,पुरुषोत्तम पूजा कथा श्रवण, भगवान् विष्णुको स्तुति र कीर्तन,न्वारन, पास्नी,दैनिक उपभोग्य सामग्री खरिद गर्न सकिन्छ ।

**सक्षिप्त समाचार**

### इबोलाको कारण ८० जनाको मृत्यु

**(रासस/क्युएनए)**

**किन्शासा (कङ्गो),** जेठ २ / लोकतान्त्रिक गणतन्त्रको कङ्गोको पूर्वी क्षेत्रमा नयाँ इबोला प्रकोपबाट मृत्यु हुनेहरुको संख्या ८० जना पुगेको कङ्गो स्वास्थ्य मन्त्रालयले घोषणा गरेको छ । कङ्गोलका स्वास्थ्य मन्त्री स्यामुएल रोजर कम्बाले विज्ञप्ति जारी गर्दै विशेष प्रयोगशाला परीक्षणहरूले गत हप्ताको अन्तमा इबोला भाइरसको आठ वटा प्रारम्भिक घटनाहरू पुष्टि गरेको छ । संक्रमण रुवाम्पारा, मोङ्गवालु र बुनियाको स्वास्थ्य क्षेत्रमा पत्ता लागेको जनाउदै स्वास्थ्य अधिकारीहरूले हाल कम्तिमा २४६ वटा शंकासस्पद केसहरुमा निगरानी गरिरहेको बताएका छन् । प्रकोपको प्रतिक्रियामा, कङ्गो सरकारले भाइरसको फैलावट रोक्न मद्दत गर्न आफ्नो जनस्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र सक्रिय गरेको छ । यसै गरी विकेन्द्रीकृत निदान परीक्षणको विस्तार, महामारी विज्ञान निगरानीलाई सुदृढ पार्नु, र प्रभावित क्षेत्रहरूमा द्रुत प्रतिक्रिया टोलीहरू तैनाथ गर्ने लगायतका कार्य गरेको जनाएको छ । अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन ( अफ्रिका सिडिसि) ले उत्तरपूर्वी इटुरी प्रान्तमा प्रकोपलाई आधिकारिक रूपमा सक्रिय क्षेत्रीय स्वास्थ्य आपतकालको रूपमा वर्गीकृत गरेपछि यो कदम चालिएको हो ।

## आज विश्व उच्च रक्तचाप दिवस मनाइँदै



**पाल्पा,** जेठ २/ आज विश्व उच्च रक्तचाप दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष मे १७ तारिखका दिन यो दिवस मनाइन्छ । यो दिवस सन् २००५ देखि मनाउन थालिएको हो ।

दिवसका अवसरमा आज स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सरकारका विभिन्न निकायलगायत संघसंस्थाले विभिन्न चेतनामूलक कार्यक्रम गर्ने भएका छन् । बदलिँदो र व्यस्त जीवनशैली, प्याकेटका खानेकुरा, प्रशोधित पदार्थ सम्पत्ति र प्रगतिको प्रतिस्पर्धाले उच्च रक्तचापका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ ।

सन् २०१६ मा नेपाल डेमोग्राफिक एण्ड हेल्थ सर्वेले उच्च रक्तचाप नेपालीका लागि चिन्ता लिनुपर्ने अवस्थामा पुगेको देखाएको छ । सन्तुलित खानपान, शारीरिक अभ्यास र तनाव घटाउने गरेमा उच्च रक्तचापको समस्या कम हुने चिकित्सक बताउँछन् । नेपाल डेमोग्राफिक एण्ड हेल्थ सर्वेमा २५ प्रतिशत वयस्क पुरुषमा उच्च रक्तचाप भेटिएको छ । सहरी क्षेत्रमा यसको प्रभाव अझ बढ्दो छ ।

... *बाँकी अन्तिम पेजमा*

## लुम्बिनीमा यातायात नभएका जिल्लामा सेवा विस्तार




**तुलसीपुर (दाङ),** जेठ २/ लुम्बिनी प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय नभएका जिल्लामा पनि सेवा विस्तार गर्ने भएको छ । प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय नभएका ६ जिल्लासहित सात स्थानबाट सवारी दर्ता किताव नविकरण र अस्थायी बाटो इजाजत सेवा सञ्चालन गर्ने गरी यातायात सेवा विस्तार गर्ने निर्णय गरेको हो ।

शुक्रबार बसेको मन्त्री परिषद् बैठकले प्रदेशका १२ वटा जिल्लामध्ये यातायात व्यवस्था कार्यालय नभएका गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम पूर्व र बर्दियामा सेवा विस्तार गर्ने भएको हो । साथै दाङको घोराहीबाट सवारी दर्ता किताव नविकरण र अस्थायी बाटो इजाजत सेवा प्रवाह गर्ने निर्णय गरेको छ । प्रदेश उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेका अनुसार दाङको तुलसीपुरमा कार्यालय रहेपनि सेवा ग्राहीको चाप घोराहीमा पनि हुने भएकाले त्यहाँ पनि एउटा कार्यालय थप गर्ने निर्णय भएको हो । मन्त्री परिषद् बैठकले आगामी आर्थिक वर्षबाट सेवा प्रारम्भ गर्नका लागि आवश्यक व्यवस्था मिलाउन उद्योग, पर्यटन तथा यातायात मन्त्रालयलाई स्वीकृति दिएको छ । यी जिल्लाबाट पनि यातायात व्यवस्थासम्बन्धी सेवा प्रवाह सुरु भएमा प्रदेशका १२ वटै जिल्लाबाट यो सेवा प्रारम्भ हुने छ । हाल यातायात सेवा कार्यालय नहुँदा यी जिल्लाका नागरिक सवारी दर्ता किताव नविकरण र अस्थायी बाटो इजाजत सेवाका लागि दाङ, बाँके तथा बुटवलसम्म पुग्नु पर्ने बाध्यता रहेको थियो । जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमार्फत यातायातसम्बन्धी सेवा प्रवाह गर्ने गरी मन्त्रालयले व्यवस्थापन गर्ने छ ।सो सेवा विस्तारले नागरिकलाई सहज रूपमा सेवा प्राप्त हुने र राजश्वमा वृद्धि हुने अपेक्षा लिइएको छ । **-रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## दूरसञ्चारको गुणस्तर सुधार

आज विश्व दूरसञ्चार दिवस मनाइँदैछ । सञ्चार प्रविधिबारे नागरिकहरुलाई सू–सूचित गर्दै हरेक वर्ष मे १७ तारिखमा यो दिवस मनाउने गरिन्छ । सन् १८६५ मे १७ मा आयोजित पहिलो अन्तर्राष्ट्रिय टेलिग्राफ सम्मेलनले अन्तर्राष्ट्रिय टेलिकम्यूनिकेशन यूनियन स्थापनाका लागि आधार तयार गरेको थियो । त्यहि दिनको सम्झनामा सन् २००५ देखि विश्वभर दूरसञ्चार दिवस मनाउन थालिएको हो । यस दिवसलाई सूचना समाज दिवसका रुपमा समेत मनाउने गरिन्छ । अन्तर्राष्ट्रिय दूरसञ्चार संगठन अन्तर्गत विश्वभर रहेका १९३ सदस्य राष्ट्रमा यो दिवस मनाइन्छ । एक दशक अघिसम्म यो दिवस विश्वभर दूरसञ्चारको विस्तारमा बढी केन्द्रित हुने गरेको थियो । पछिल्लो समय भने गुणस्तर वृद्धि र बढ्दो डिजिटल खाडल कम गर्नुपर्ने लगायतका विषयमा यो दिवस केन्द्रित हुन थालेको छ । यद्यपी पछिल्लो समय नेपालमा दिवस परम्परागत रुपमा मात्र मनाइँदा आईटीयुगबाट प्राप्त हुनसक्ने थप लाभ लिन भने सकिएको छैन । यो अत्यन्त दुःखको कुरा हो । लामो इतिहास बोकेको दूरसञ्चारको गुणस्तरमा अझै पनि सुधार हुन सकेको छैन् । कयौं सहरी क्षेत्रमा अझै पनि फोन लाग्दैन, लागे पनि बोल्दा–बोल्दै काटिने, डेटा नचल्ने, ब्रोडब्यान्ड इन्टरनेटको स्पिड तोकिएकोभन्दा कम हुने जस्ता समस्या छन् । यस्ता समस्या समाधान गर्न सरकारले बारम्बार निर्देशन दिए पनि खासै सुधार हुन सकेको छैन । कानुनी र संरचनागत पक्षमै मुख्य चुनौती रहेकाले सुधार सहज नभएको जानकार बताउँछन् । समयसापेक्ष नीतिको अभावले पनि दूरसञ्चार क्षेत्रले गुणस्तरीय सेवा प्रवाहमा समस्या भोगिरहेको सरकारी स्वामित्वको नेपाल टेलिकमका अधिकारीहरू दाबी गर्छन् । पुरानो कानुनी संरचनाका कारण सेवा विस्तार र कभरेज सुनिश्चित गर्न समस्या रहेको कम्पनीको भनाइ छ। सहरी क्षेत्रमा पुराना टावर, ठूला भवन र हिमाली तथा पहाडी भेगमा विद्युत् अभावका कारण टावर समेत राम्रोसँग सञ्चालन हुन सकिरहेका छैनन् । सडक विस्तार र विद्युत्का तार भूमिगत गर्ने क्रममा अप्टिकल फाइबर काटिएर इन्टरनेट सेवा अवरुद्ध हुने जस्ता समस्या पनि छन् । यी समस्या समाधन गरी दूरसञ्चार सेवालाई गुणस्तरीय बनाउने दिशमा नीतिगत सुधार गर्न जरुरी छ ।

### Opinion @ Social Network

सयौ गुण भुलेर एक बैगुन केलाउनेलाई के थाहाह
मनभित्रको कहाली लाग्दो पीडा।।

*(मनु सारुको फेसबुक स्टाटसबाट www.facebook.com/Manu.saru)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुकुमबासीलाई समस्या देख्ने कि अवसर ?



## डा. आरसी लामिछाने

***सबैभन्दा महत्वपूर्ण कुरा, भूमिहीन समुदायलाई सहायताको आस गर्ने समूहबाट राष्ट्र निर्माणको साझेदारमा रूपान्तरण गर्न सकिनेछ । यही परिवर्तनले नेपालको आर्थिक संरचना, सामाजिक स्थिरता र राष्ट्रिय आत्मविश्वासलाई नयाँ उचाइमा पुऱ्याउन सक्नेछ ।***

महान् वैज्ञानिक अल्वर्ट आन्सटाईनका अनुसार, 'एउटा सोचको तहबाट सिर्जना भएको समस्या, त्यही तहको सोचबाट समाधान हुन सक्दैन । समस्या समाधान गर्न खोजिएको हो भने सोचको तह बदल्नै पर्छ ।' नेपालको भूमिहीन तथा सुकुमबासी समस्या पनि ठिक त्यही अवस्थामा छ । दशकौंदेखि यो विषयलाई राजनीतिक नाराबाजी, अस्थायी आयोग, टालटुले वितरण र चुनावी आश्वासनको माध्यमबाट हेरियो तर समस्या समाधान हुनुको सट्टा झन् जटिल बन्दै गयो । कारण स्पष्ट छ, समस्यालाई समस्या जस्तै गरेर मात्र हेरियो, अवसरका रूपमा हेरिएन । जबसम्म राज्यले भूमिहीन अवस्थालाई गरिबी, अव्यवस्था र राजनीतिक बोझका रूपमा मात्र हेर्छ, तबसम्म यो समस्या समाधान हुँदैन । तर जुन दिन राज्यले यही जनशक्तिलाई उत्पादनशील शक्ति, श्रमशक्ति र नयाँ आर्थिक आधारका रूपमा हेर्न सुरु गर्छ, त्यही दिनबाट नेपालमा सामाजिक तथा आर्थिक रूपान्तरणको नयाँ अध्याय सुरु हुनेछ ।

विगतमा गरिब, किसान र सुकुमबासीको नाममा राजनीति गर्ने धेरै शक्तिहरू सत्तामा पुगे । तर उनीहरूले यो समस्यालाई राष्ट्रिय पुनर्निर्माणको अवसरका रूपमा उपयोग गर्न सकेनन् । त्यसैले बालेन नेतृत्वको सरकारसँग इतिहास बदल्ने दुर्लभ अवसर छ । अब सरकार समक्ष मूल प्रश्न के हो भने के नेपाल फेरि पुरानै शैलीमा समस्या धकेलिरहने देश बन्नेछ वा यही अवसरलाई उपयोग गरेर नयाँ इतिहास निर्माण गर्नेछ ? के वर्तमान सरकारसँग लाखौँ नागरिकको जीवन बदल्दै नेपाललाई आधुनिक, व्यवस्थित र उत्पादनमुखी राष्ट्रमा रूपान्तरण गर्ने साहस छ ? इतिहासले सधैँ अवसर दिन्न, तर जब दिन्छ, त्यसलाई समात्ने राष्ट्रहरू नै अगाडि बढ्छन् ।

पछिल्लो समय राष्ट्रिय भूमि आयोगद्वारा संकलित विवरणअनुसार नेपालमा करिब ८८ हजार भूमिहीन दलित, १ लाख ६७ हजार भूमिहीन सुकुमबासी र ८ लाख ६७ हजार अव्यवस्थित बसोबासी परिवार रहेका छन् । अर्थात् ११ लाखभन्दा बढी परिवार कुनै न कुनै रूपमा भूमि तथा व्यवस्थित बसोबास समस्यासँग जोडिएका छन् । यद्यपि, व्यावहारिक रूपमा तत्काल पुनर्स्थापना आवश्यक पर्ने परिवारको संख्या करिब दुई देखि तीन लाखबिचमा हुन सक्ने देखिन्छ । यी परिवारलाई योजनाबद्ध रूपमा आर्थिक केन्द्र नजिक पुनर्स्थापन गरियो भने नेपालले पाँच वर्षभित्रै अव्यवस्थित बस्ती, वन अतिक्रमण, जोखिमयुक्त बसोबास, बेरोजगारी र अव्यवस्थित सहरीकरणजस्ता समस्यालाई उल्लेखनीय रूपमा घटाउन सक्छ । वास्तवमा भूमिहीनता भनेको केवल घर नहुनु मात्र होइन । यो बेरोजगारी, कमजोर उत्पादन प्रणाली, सामाजिक असुरक्षा, नदीकिनार अतिक्रमण, वन विनाश र दीर्घकालीन राष्ट्रिय योजना अभावसँग जोडिएको राष्ट्रिय चुनौती हो । यो समस्याका कारण हजारौँ परिवार आफ्नै देशमा शरणार्थी जस्तो जीवन बिताउन बाध्य छन् । उनीहरूसँग नागरिकता छ, मताधिकार छ, तर सम्मानजनक जीवनको आधार छैन । तर फरक तरिकाले सोच्ने हो भने यही समुदाय नेपालकै सबैभन्दा ठुलो सम्भावना पनि हो । राज्यले उनीहरूलाई 'समस्या' नभई 'राष्ट्र निर्माणको साझेदार' का रूपमा हेर्ने हो भने यही जनशक्तिले नेपालको सामाजिक र आर्थिक संरचना बदल्न सक्छ । संसारका धेरै राष्ट्रहरूले कमजोर समुदायलाई बोझका रूपमा नभई विकासको ऊर्जा बनाएर प्रगति गरेका छन् । अब नेपालले पनि त्यही बाटो समाउनु पर्ने समय आएको छ ।

नेपालमा करिब तीन लाख भूमिहीन परिवार रहेको अनुमान गरिन्छ । यदि प्रत्येक परिवारलाई न्यूनतम आठ आना जमिन, सुरक्षित आवास, करेसाबारी, शिक्षा, स्वास्थ्य र रोजगारीसँग जोडिएको 'एकीकृत बस्ती तथा उत्पादन मोडेल' अन्तर्गत पुनर्स्थापन गरियो भने नेपालले दशकौँ पुरानो सामाजिक तनाव अन्त्य गर्न सक्छ । तीन लाख परिवारका लागि करिब सात हजार पाँच सय हेक्टर जमिन पर्याप्त हुन सक्छ, जुन राष्ट्रिय स्तरमा असम्भव क्षेत्रफल होइन । वास्तवमा यो जमिनको समस्या भन्दा पनि व्यवस्थापन, इच्छाशक्ति र प्रस्ट दृष्टिकोणको प्रश्न हो । अहिले देशभरि अव्यवस्थित रूपमा प्रयोग भइरहेका धेरै जमिन वैज्ञानिक व्यवस्थापन मार्फत पुनः राज्यको नियन्त्रणमा आउन सक्छन् । त्यसकारण जमिनका बारेमा देशले चिन्ता लिनु पर्दैन । यसरी व्यवस्थापन गर्न सक्दा एकातर्फ खोलाकिनार, जंगल क्षेत्र र जोखिमयुक्त बस्तीहरू व्यवस्थित हुनेछन भने अर्कोतर्फ उद्योग, निर्माण, कृषि र सेवा क्षेत्रमा आवश्यक श्रमशक्ति आर्थिक केन्द्र नजिक केन्द्रित हुन्छ । यही सोचका आधारमा सरकारले दमक, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौडा, भरतपुर, बुटवल, पोखरा, नेपालगञ्ज, धनगढी लगायत आर्थिक केन्द्र नजिक योजनाबद्ध आधुनिक बस्ती विकास गर्न सक्छ । यसले यी बस्तीहरूलाई आधुनिक नेपालको आर्थिक उत्पादन केन्द्रका रूपमा रुपान्तरण गर्न सक्छ । यस्ता एकीकृत बस्तीहरूले ठुला सहरलाई आवश्यक जनशक्ति, उत्पादन र सेवा आपूर्ति गर्नेछन् र देशलाई योजनाबद्ध सहरीकरणतर्फ लैजानेछन् । राज्यसँग स्पष्ट दृष्टि, दृढ राजनीतिक इच्छाशक्ति र परिणाममुखी कार्यसंस्कृति हुने हो भने यो योजना दशकौँ लाग्ने परियोजना होइन । उच्चस्तरीय राष्ट्रिय प्रतिबद्धतासहित काम गर्ने हो भने आगामी दुई वर्षभित्रै आधारभूत रूपान्तरण सुरु गर्न सकिन्छ । पहिलो तीन महिनाभित्र भूमिहीन परिवारहरूको डिजिटल पहिचान, वास्तविक लाभग्राही प्रमाणीकरण, वैज्ञानिक भू-उपयोग योजना र उपयुक्त जमिन छनोट गर्न सकिन्छ । त्यसपछि नौ महिनाभित्र सडक, पानी, बिजुली, ढल, इन्टरनेट र आधारभूत पूर्वाधार निर्माणसँगै स्थानीय सामग्रीमा आधारित आवास निर्माण गरेर वर्षदिन भित्र घर हस्तान्तरण गर्न सकिन्छ । यसका लागि पुरानो प्रशासनिक शैलीलाई विद्युतीय गतिको राष्ट्रिय कार्यसंस्कृतिले विस्थापन गर्न सक्नु पर्छ । नेपालले भूकम्पपछिको पुनर्निर्माण गर्न सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिन अझ ठुलो संकल्प गर्न किन सक्दैन ? प्रश्न स्रोतको होइन, सोच र इच्छाशक्तिको हो । आर्थिक रूपमा पनि यो योजना पूर्णतया व्यवहारिक छ । एउटा सुरक्षित र वातावरणमैत्री घरको औसत लागत पाँच लाख रुपैयाँ मान्ने हो भने तीन लाख घर निर्माणका लागि करिब एक खर्ब ५० अर्ब रुपैयाँ आवश्यक पर्छ । पहिलो दृष्टिमा यो रकम ठुलो देखिए पनि राष्ट्रिय अर्थतन्त्रको दृष्टिले यो असम्भव लगानी होइन । नेपालले हरेक वर्ष अरबौँ रुपैयाँ अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको छ । यदि त्यही स्रोतलाई दीर्घकालीन सामाजिक तथा आर्थिक रूपान्तरणमा केन्द्रित गरियो भने यसको प्रतिफल धेरै गुणा ठुलो हुनेछ । अझ सबै घर महँगा कङ्क्रिट संरचनामा बनाउनुपर्छ भन्ने सोच पनि वैज्ञानिक होइन । नेपालको भूगोलअनुसार तराईमा बाँस, कम्प्रेस्ड ब्लक र स्थानीय इँटा, पहाडमा ढुंगा, माटो, स्लेट र स्थानीय काठ प्रयोग गरेर कम लागतमा टिकाउ घर निर्माण गर्न सकिन्छ । सामुदायिक श्रमदान, स्थानीय मिस्त्री र प्राविधिक परिचालनले लागत घटाउनुका साथै समुदायमा स्वामित्व भावना पनि बढाउँछ । त्यसैले यो अभियान सरकार एक्लैले गर्ने कार्यक्रम नभई यो सम्पूर्ण राष्ट्रले मिलेर सञ्चालन गर्ने राष्ट्रिय पुनर्निर्माण अभियान बन्नुपर्छ । नेपालले भूकम्प, बाढी वा विपद्को बेला राष्ट्रिय एकता देखाउन सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिनका लागि किन सक्दैन ? वास्तवमा यो खर्च नै होइन । यो त नेपालको भविष्यमा गरिने सबैभन्दा महत्वपूर्ण सामाजिक आर्थिक लगानी हो । सरकारले राष्ट्रिय भूमिहीन आवास तथा पुनर्स्थापन कोष स्थापना गरेर प्रारम्भिक बजेट सुनिश्चित गर्न सक्छ । विपद् कोषमा आर्थिक संकलन गरेजस्तै सरकारले यो अभियानका लागि पनि राष्ट्रिय सहयोग जुटाउन सक्छ । निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व अन्तर्गत जोड्न सकिन्छ, बैंक तथा वित्तीय संस्थालाई सहुलियत लगानीमा सहभागी गराउन सकिन्छ । अन्तर्राष्ट्रिय दातृ निकायसँग सहकार्य गर्न सकिन्छ र प्रवासी नेपालीलाई राष्ट्र निर्माणको अभियानमा योगदान गर्न प्रेरित गर्न सकिन्छ । स्थानीय तहलाई भूमि व्यवस्थापन र पूर्वाधार विकासको जिम्मेवारी दिन सकिन्छ । त्यसैले यहाँ मुख्य कुरा अर्थतन्त्रको होइन, यो त राष्ट्रिय इच्छाशक्ति, दूरदृष्टि र नेतृत्व क्षमताको हो ।

यो योजना इमान्दारीपूर्वक कार्यान्वयन गरियो भने आगामी पाँच वर्षभित्र नेपालमा ऐतिहासिक परिवर्तन सम्भव हुनेछ । खोलाकिनार र जंगल अतिक्रमण घट्नेछ, लाखौँ रोजगारी सिर्जना हुनेछन्, वैदेशिक पलायन कम हुनेछ, योजनाबद्ध सहरीकरण सम्भव हुनेछ र सामाजिक असुरक्षा घट्नेछ । स्थानीय उत्पादन प्रणाली बलियो हुँदा आयात निर्भरता क्रमशः कम हुँदै जानेछ । सबैभन्दा महत्वपूर्ण कुरा, भूमिहीन समुदायलाई सहायताको आस गर्ने समूहबाट राष्ट्र निर्माणको साझेदारमा रूपान्तरण गर्न सकिनेछ । यही परिवर्तनले नेपालको आर्थिक संरचना, सामाजिक स्थिरता र राष्ट्रिय आत्मविश्वासलाई नयाँ उचाइमा पुऱ्याउन सक्नेछ । नेपालले धेरै वर्ष समस्याको चर्चा गऱ्योह अब समाधानको इतिहास लेख्ने समय आएको छ । भूमिहीनता कुनै एउटा राजनीतिक दलको मुद्दा हुँदै होइनह यो सम्पूर्ण नेपाली राज्यको साझा नैतिक र ऐतिहासिक जिम्मेवारी हो । त्यसैले यो कार्यक्रम सरकार फेरिएसँगै रोकिने परियोजना हुनु हुँदैन । यो त संसद्बाट राष्ट्रिय संकल्पका रूपमा पारित हुने दीर्घकालीन राष्ट्रिय अभियान बन्नु पर्छ । पारदर्शी वितरण प्रणाली, डिजिटल भूमि अभिलेख, भूमाफिया नियन्त्रण र सबै दलको साझा प्रतिबद्धता बिना यो सम्भव हुँदैन । यदि कुनै सरकारले यो अभियान सफलतापूर्वक कार्यान्वयन गऱ्यो भने त्यो केवल राजनीतिक उपलब्धि मात्र हुनेछैनह त्यो त नेपालको आधुनिक इतिहासकै सबैभन्दा ठुलो सामाजिक-आर्थिक रूपान्तरणमध्ये एक हुनेछ । नेपाललाई केवल सडक, भवन र भाषणले मात्र विकसित बनाउन सकिँदैन । वास्तविक विकास तब सम्भव हुन्छ, जब प्रत्येक नागरिकले सुरक्षित आवास, सम्मानजनक जीवन र उत्पादनशील अवसर प्राप्त गर्नेछन् । भूमिहीनलाई घर दिनु राज्यको दायित्व हो । रोजगारीसहितको एकीकृत बस्ती निर्माण गर्नु खर्च नभई राष्ट्रनिर्माणको आधार हो । अब नेपालसामु एउटै प्रश्न छ, यो सरकार पनि विगतका सरकार जस्तै समस्यालाई बोकेर हिँड्ने सरकार बन्ने वा समस्यालाई अवसरमा बदल्दै सरकार बन्नेछ ? रोजाई बालेन सरकारकै ।-

*रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। कृषि र पशुपालनबाट लाभ गर्न सकिएला। | **तुला** : भविष्यका लागि लगानी बढाउन सकिनेछ। अड्केको रकम उठाउने समय छ। |
| **वृष**: घरेलु कामकाजमा धेरै समय बित्नेछ । रोकिएका काम बन्ने छन् । | **वृश्चिक**: मेहनतले नोकरीमा नयाँ जिम्मेवारी मिल्नेछ । विशेष अवसर प्राप्त हुनेछ । |
| **मिथुन**: छोटो समयमा दिगो काम हात लाग्नेछ । प्रयत्न गर्दा ठूलो कार्यसम्पादन गर्न सकिनेछ। | **धनु** :आर्थिक क्षेत्रमा सकारात्मक स्थिति रहनेछ ।नसोचेको धन प्राप्त हुनेछ। |
| **कर्कट** : अध्ययनमा प्रगति हुने छ। बोलिको प्रभाव बढ्नेछ । | **मकर** : धैर्य र पराक्रममा वृद्धि हुनेछ । पारिवारिक मनमुटाव सुल्झिनेछ। |
| **सिंह** :रचनात्मक कार्य प्रारम्भ हुने छ । कार्यक्षेत्रमा सहयोगीहरूले सहयोग गर्नेछन्। | **कुम्भ**: सामाजिक सद्भाव बढ्नेछ। आफन्तहरूको साथले मन प्रसन्न रहनेछ। |
| **कन्या** : आकस्मिक कामले खर्च बढाउन सक्नेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । | **मीन** : समाजमा मान सम्मान बढ्नेछ । यात्राका योग छ । |

# कृषि

## भारतकै कारण नेपाली चिया निर्यात ठप्प

**काठमाडौं,** भारतले नेपालबाट हुने चिया निर्यातमा नयाँ र कडा प्रावधानहरू लागु गरेपछि नेपाली चिया उद्योगमा नयाँ संकट उत्पन्न भएको छ ।वर्षौंदेखि कायम निर्यात प्रक्रिया एकाएक परिवर्तन गर्दै भारतीय चिया बोर्डले १ मे (१८ वैशाख) देखि लागु हुने गरी 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिजर' (एसओपी) जारी गरेसँगै नेपाली चिया निर्यात ठप्प बनेको व्यवसायीहरूले गुनासो गरेका छन् ।भातरले नयाँ नियम अनुसार अब नेपालबाट भारत छिर्ने चियाको प्रत्येक ट्रक र प्रत्येक खेपको छुट्टाछुट्टै प्रयोगशाला परीक्षण अनिवार्य गरेको छ ।पछिल्लो समय भारतमा आयात हुने चियाको मात्रा बढेसँगै त्यसमा मिसावटको जोखिम पनि उच्च भएको भन्दै त्यहाँको संसदीय समितिले कडा निगरानी गर्न सिफारिस गरेको थियो ।सोही सिफारिस कार्यान्वयन गर्दै भारतीय चियाको साख जोगाउन, विदेशी चियाको गुणस्तर मापन गर्न र उपभोक्ताको स्वास्थ्य सुनिश्चित गर्न टी-बोर्डले यो नयाँ कदम चालेको जनाएको छ ।यसअघि एउटा नमुना परीक्षण रिपोर्टले १५ दिनसम्म वा १० वटा टूकलाई मान्यता दिने गरिएकोमा अहिले टूकपिच्छे ११ हजार १ सय २० भारु शुल्क तिरेर नमुना परीक्षण गर्नुपर्ने र त्यसको रिपोर्ट आउन कम्तीमा दुई साता कुर्नुपर्ने झन्झटिलो प्रावधान राखिएको छ ।

अबदेखि भारत प्रवेश गर्नेबित्तिकै चियाको नमुना भारतको राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालामा पठाइने छ । प्रयोगशालाले नमुना प्राप्त गरेको १४ दिनभित्र परीक्षण रिपोर्ट अनलाइन प्रणालीमा अपलोड गर्ने उल्लेख छ ।जबसम्म चियाले प्रयोगशालाबाट सम्पूर्ण मापदण्ड पूरा गरेको 'क्लियरेन्स सर्टिफिकेट' पाउँदैन, तबसम्म आयातकर्ताले उक्त चिया भारतको आन्तरिक बजारमा बेच्न वा अन्य देशमा पुन: निर्यात गर्न पाउने छैनन् । त्यस्ता चियालाई अन्तिम रिपोर्ट नआउन्जेलसम्म छुट्टै गोदाममा सुरक्षित राख्नुपर्ने कडा व्यवस्था गरिएको छ ।परीक्षण क्रममा तोकिएको मापदण्ड पूरा गर्न नसकी फेल भएको चियालाई कुनै पनि हालतमा क्लियरेन्स दिइने छैन र यसबारे आयातकर्तालाई तत्काल 'अलर्ट मेसेज' पठाइने छ । यद्यपि, पहिलो परीक्षणमा चिया फेल भई नतिजामा चित्त नबुझे आयातकर्तालाई टी-बोर्डसँग सुरक्षित राखिएको अर्को 'रिजर्भ नमुना' को पुन: परीक्षण गराउने विकल्प पनि खुला राखिएको छ । तर, पुन: परीक्षण प्रक्रिया निकै महँगो छ । यसका लागि आयातकर्ताले फेल भएको जानकारी पाएको ४८ घण्टाभित्र अनलाइन मार्फत निवेदन दिइसक्नुपर्ने छ । पुन: परीक्षण गराउँदा लाग्ने सम्पूर्ण खर्च आयातकर्ता आफैंले बेहोर्नुपर्ने छ, जसमा प्रतिनमुना १५ हजार भारु (करिब २४ हजार नेपाली रुपैयाँ) र त्यसमा थप जीएसटी शुल्क लाग्ने निर्देशिकामा उल्लेख छ ।नेपालबाट वार्षिक ठूलो मात्रामा सीटीसी र अर्थोडक्स चिया भारततर्फ निर्यात हुने गर्छ । नेपाली चिया उद्योगी तथा निर्यातकर्ताले आफ्नो चियाको गुणस्तर भारतीय खाद्य सुरक्षा मापदण्ड अनुसार अत्यन्तै कडाइसाथ कायम राख्नुपर्ने चुनौती थपिएको छ ।

### भारतले चिया निर्यातमा अघोषित नाकाबन्दी गऱ्यो : व्यवसायी

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताका अनुसार भारतले चिया रोक्ने औपचारिक घोषणा नगरे पनि व्यावहारिक रूपमा निर्यातलाई असम्भव तुल्याइदिएको छ । यसलाई 'अघोषित नाकाबन्दी' नै भन्दा फरक नपर्ने उनको भनाइ छ ।'निर्यात औपचारिक रूपमा बन्द नै भएको त होइन, तर भारतीय चिया बोर्डले ल्याएको नयाँ नीतिका कारण अहिले कुनै पनि व्यवसायीले माल लोड गरेका छैनन्,' गुप्ताले भने, '३१ अप्रिलसम्म निर्यात भइरहेको थियो, तर १ मेदेखि नयाँ नियम लागु भएपछि समस्या सुरु भयो ।' भारतीय पक्षले अबदेखि नेपालबाट जाने चियाको हरेक टूकको छुट्टाछुट्टै प्रयोगशाला परीक्षण अनिवार्य गरेको हुँदा धेरै झन्झटिलो बनेको उनी बताउँछन् ।

'अहिले प्रत्येक गाडीको स्याम्पलिङ गर्नुपर्ने र त्यसको रिपोर्ट आउन कम्तीमा ७ देखि १४ दिन कुर्नुपर्ने बनाइएको छ,' उनले भने, 'एउटा नमुना परीक्षणको शुल्क मात्रै करिब १८ हजार नेपाली रुपैयाँ तोकिएको छ ।' भारतको पानीट्यांकी भन्सारमा चिया लोड भएका ट्रकहरू १० दिनसम्म रोकेर राख्ने ठाउँ नभएको उनको गुनासो छ ।'खुला आकाशमुनि वा टूकमा चिया राख्दा त्यसको गुणस्तर ह्रास हुन्छ,' वरिष्ठ उपाध्यक्ष गुप्ता भन्छन्, 'यस्तो अवस्थामा न त हामी पठाउन सक्छौं, न भारतीय क्रेताहरू नै चिया किन्न इच्छुक हुन्छन् ।'यो नयाँ नियमले नेपालबाट चिया किन्ने भारतीय व्यापारीहरूलाई पनि निरुत्साहित गरेको गुप्ताको तर्क छ । 'भारतीय बायरहरू अहिले पर्ख र हेरको अवस्थामा छन्,' उनी भन्छन्, 'रिपोर्ट नआएसम्म उनीहरूले हामीलाई भुक्तानी दिंदैनन् र रिपोर्ट फेल भए चिया फिर्ता वा नष्ट हुने जोखिम हुन्छ, यति धेरै जोखिम लिएर कोही पनि नेपाली चिया उठाउन उनीहरू तयार छैनन् ।'गुप्ताका अनुसार निर्यातमा आएको यो अवरोधले नेपाली चियाको बजार भाउसमेत प्रभावित बनाएको छ । अहिलेसम्म भारततर्फ निर्यात भइरहेको चियाको मूल्य १ सयदेखि १ सय ५ भारुसम्म थियो । नेपालको आन्तरिक बजारमा भने गुणस्तर हेरी २ सयदेखि २ सय ५० रुपैयाँसम्ममा चिया बिक्री भइरहेको छ । अझ महँगो मानिने 'सेकेन्ड क्लस' को चिया अहिलेसम्म निर्यात हुन पाएको छैन ।

### कूटनीतिक पहल आवश्यक

राष्ट्रिय चिया तथा कफी विकास बोर्डले भारतको नयाँ नियमले पारेको गम्भीर असरबारे सरोकारवालासँग छलफल गरी लिखित प्रतिवेदन सम्बन्धित मन्त्रालयमा बुझाइसकेको जनाएको छ । यो प्राविधिक वा प्रशासनिक मात्र नभई दुई देशका सरकारबीच (जीटुजी) सुल्झाउनुपर्ने गम्भीर विषय भएको बोर्डका कृषि विकास अधिकृत इन्द्रप्रसाद अधिकारी बताउँछन् ।'हामीले सरोकारवालाहरूसँग छलफल गरेर सबै लिखित जानकारी केन्द्रीय कार्यालय हुँदै मन्त्रालयमा पुऱ्याइसकेका छौं,' अधिकृत अधिकारी भन्छन्, 'यो सरकार-सरकारबीचको कुरा हो, कूटनीतिक तवरबाट पहल हुँदैछ, यति गम्भीर समस्यालाई सरकारले छिट्टै कूटनीतिक संवाद मार्फत सुल्झाउनुको विकल्प छैन ।'प्रयोगशाला परीक्षणको रिपोर्ट नआउन्जेल भारतीय भूमिमा चियाको गाडी होल्ड गरेर राख्नुपर्ने अवस्था सिर्जना भएकाले यसले लागत अत्यधिक बढाउने उनको भनाइ छ ।

'सबैभन्दा ठूलो डर डम्पिङको हो, पारि लगेर महँगो शुल्क तिरी परीक्षण गराउँदा यदि नतिजा फेल आयो भने त्यो चिया भारतले त्यहीं नष्ट गर्न लगाउने जोखिम छ,' उनी भन्छन्, 'यत्रो लगानी डुब्ने डरले मे १ देखि व्यवसायीले सीमामा गाडी नै पठाउन सकेका छैनन् ।'

### बखेडा झिक्ने भारतको पुरानै शृङ्खला

भारतले नेपाली चियामाथि अवरोध खडा गरेको यो पहिलो घटना भने होइन । नेपाली चिया उद्योगीहरूका अनुसार भारतले कहिले 'गुणस्तर' त कहिले 'ब्रान्डिङ' को बहाना बनाएर 'गैरभन्सार अवरोध' खडा गर्दै आएको छ ।सन् २०२० को कोभिड लकडाउनमा चिया अत्यावश्यक वस्तु नभएको बहानामा भारतले निर्यात रोकेको थियो । त्यसपछि २०२१ नोभेम्बरमा पनि भारतीय टी-बोर्डले नेपाली चिया गुणस्तरहीन भएको भन्दै पानीट्यांकी नाकामा हप्तौंसम्म गाडी रोकेर दु:ख दिएको थियो । २०२४ अप्रिलमा पनि पश्चिम बंगाल सरकारको कृषि निर्देशनालयको आदेश भन्दै भारतीय भन्सारले विना पूर्वजानकारी दर्जनौं नेपाली चियाका ट्रक रोकेको थियो, जुन नेपाल सरकारको कूटनीतिक दबाबपछि मात्रै टूक छाडिएको थियो ।

यी सबै बखेडाको पछाडि पश्चिम बंगाल र दार्जिलिङका चिया उत्पादकहरूको ठूलो दबाब रहेको व्यवसायीहरू बताउँछन् । उनीहरूका अनुसार नेपाली अर्थोडक्स चिया गुणस्तरीय भएकाले दार्जिलिङ चियासँग विश्व बजारमा प्रतिस्पर्धा गर्न थालेपछि भारतीय व्यवसायीहरू आत्तिएका छन् । नेपाली चिया भारतमा लगेर 'दार्जिलिङ चिया' का नाममा मिसाएर बेच्ने गरिएको आरोप लगाउँदै भारतीय चिया युनियन, त्यहाँका सांसददेखि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीसम्मले नेपाली चियाको आयात रोक्न वा ४० प्रतिशतसम्म भन्सार दर लगाउन केन्द्रीय सरकारलाई निरन्तर दबाब दिंदै आएका थिए । सोही दबाब स्वरूप अहिले भारतले नियतवश कडा नियम ल्याएको नेपाली व्यवसायीको ठहर छ ।

### बजारको निर्भरता र अन्य मुलुकको विकल्प

नेपालको चिया निर्यातको सबैभन्दा ठूलो बजार भारत हो । २ वर्षअघि पाकिस्तानी दूतावासको कूटनीतिक समन्वयमा पाकिस्तानतर्फ डेढ लाख किलो चिया निर्यात भएको थियो । सोही समय चिनियाँ व्यापारीले पनि केही चासो देखाएका थिए । तर, पछि यो विषय यत्तिकै सेलाएर गयो । भारतबाहेक तेस्रो मुलुकमा नेपाली चिया निर्यात सन्तोषजनक छैन ।चिया तथा कफी विकास कोर्डका कृषि अधिकृत अधिकारीका अनुसार मध्यपूर्वको द्वन्द्वका कारण त्यतातिर जाने चिया निर्यात अहिले शून्यप्राय: छ ।त्यसैले परराष्ट्र र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय स्तरबाटै भारतीय समकक्षीसँग तत्काल बसेर चियाको सहज निकासको वातावरण बनाउनुपर्ने हुन्छ ।नेपालको अर्थोडक्स चियाको झन्डै ९० प्रतिशत र सीटीसी चियाको ५० प्रतिशत बजार भारत नै हो । चीन र पाकिस्तानजस्ता देशमा निर्यात गर्ने चर्चा चले पनि त्यो तत्काल सम्भव नरहेको चिया उत्पादक संघ वरिष्ठ उपाध्यक्ष गुप्ता बताउँछन् ।'चीन आफैं ठूलो निर्यातकर्ता हो, त्यहाँ हाम्रो सीटीसी चिया जाँदैन, पाकिस्तान पठाउन भारत भएर जानुपर्नेमा सम्बन्ध चिसिएका कारण त्यो बाटो बन्द छ,' उनी भन्छन्, 'समुन्द्र मार्फत पठाउँदा लागत यति महँगो पर्छ कि हाम्रो चियाले प्रतिस्पर्धा नै गर्न सक्दैन ।'नेपाली चिया उत्पादकहरू गुणस्तर परीक्षणको विरोधी नरहेको तर प्रक्रिया 'स्मुथ' हुनुपर्ने उनको माग छ । 'हामी परीक्षणबाट डराएका होइनौं, नेपाली चिया गुणस्तरीय छ,' गुप्ता भन्छन्, 'तर, बोर्डरमा टूक रोकेर हप्तौं रिपोर्ट कुर्नु व्यावहारिक छैन, नेपालकै ल्याब रिपोर्टलाई मान्यता दिने वा एक पटकको रिपोर्टले निश्चित समय काम गर्ने पुरानै व्यवस्था कायम हुनुपर्छ ।'

*-अनलाइन खबर डटकम*

## स्याङ्जामा एआईबाट कफी तयार



**स्याङ्जा,** स्याङ्जाका २६ वर्षे एक युवाले एआईको सहायताले कफी पारखीलाई विभिन्न स्वादमा कफी बिक्री गर्ने कार्य सुरु गरेका छन् । पुतली बजार नगरपालिका-११ मायाटारीका उबित अर्यालले घरमा आउने पाहुना हुन् वा आफन्तलाई एआईको सहायतबाट तयार भएको फरक-फरक स्वादका कफी खुवाउँछन् । अध्ययनसँगै सानो उमेरमै उनी व्यावसायिकतातर्फ उन्मुख छन् । कम्प्युटरको कमान्ड सहायताले प्रोगामिङमार्फत कफी बनाउने गरिएको उनले बताए । 'प्रोग्रामिङसहित एनालाइसीस गरेर ग्राफ बनाइन्छ । त्यसपछि एउटा रेसिपीमा फिक्स गरेर कफी तयार हुन्छ' उनले भने,'कफीलाई आवश्यक पर्ने पानी कति राख्ने, छिटो वा ढिलो तयार गर्ने, कफी मिठो स्वादको भए नभएको, गुणस्तरको मात्राका बारेमा समेत जानकारी दिने गर्छ ।'

कफीका लागि तालिम र प्रशिक्षण आवश्यक पर्दछ भने यसका लागि कम्प्युटर, कफी फिल्टर, ड्रिपर र सर्वर आवश्यक हुन्छ । उनले अहिले प्रिमियम कफी र स्पेशालिटी कफी बनाउने गरेका छन् । कफीलाई विभिन्न स्वाद र फ्लेभरमा बनाएर पिउन सकिने उनले जानकारी दिए । तापक्रम र प्रक्रिया तथा विधिलाई निकै ध्यान दिनुपर्ने अनुभव संगालेका उनले एआईबाट कफी तयार गर्दा बिग्रन सक्ने डर पनि उत्तिकै रहने बताए । एआईबाट तयार भएको कफी प्रतिकप ७ सयदेखि ११ सय रुपैयाँ बिक्री वितरण हुँदै आएको उनले बताए । सिद्धार्थ राजमार्ग हुँदै आउजाउ गर्ने स्वदेशी हुन् वा विदेशी कफीका पारखीहरू आउने गरेको उनले जनाए । कफी पिउन आउनेमा खासगरी स्वदेशीसँगै अमेरिकन, जापानी, जर्मनी, चीनलगायत अन्य देशका पर्यटक रहेका छन् । सन् २०१७ मा जापानमा भएको विश्व कफी इभेन्ट (कार्यक्रम) मा बुबा बोधराज अर्यालसँग उबित पनि जापान पुगेका थिए । नेपालको प्रतिनिधित्व गर्दै सहभागी भएका अर्याल बाबु छोराले उक्त कार्यक्रममा कफीबारे धेरै जान्ने र सिक्ने अवसर पाएपछि यसतर्फ चासो बढेको उबित बताउँछन् । त्यतिबेला उनी १७ वर्षका थिए । जापानमा भएको कार्यक्रमबाट कफीको विभिन्न स्वाद हुने जानकारी पाएपछि पढाई र अनुसन्धानमा उनले आफ्नो ध्यान केन्द्रित गरे ।दुई वर्षपछि पुन: जापान पुगेर योसियोका इन्स्च्यूटमा कफीका बारेमा ६ महिना अध्ययन गरेको उनले सुनाए । अध्ययन र अनुसन्धानका क्रममा कफीका गुण, कटिङ, मार्क स्कोरिङ, रोष्टिङ बनाउने, बजारीकरण, मागको अवस्था र विभिन्न स्वादका बारेमा जानकारी लिन सफल भए । बुवाले तयार गरेको कफीको बीउ, बीउ रोपणको विधि, उत्पादन, प्रशोधन, कफी प्याकेजिङका बारेमा सिक्दै पछिल्लो सयम बजारीकरणमा सहजीकरण गर्दै आएको उनले बताए । सानै उमेरमा उबितले कफीसम्बन्धी राम्रो ज्ञान हासिल गरेका छन् । कफीका बिरुवा रोपणदेखि विभिन्न स्वादमा कफी बनाउन उनी सक्षम छन् ।

उनका बुबा जिल्लाकै कफी, सुन्तला उत्पादक अगुवा कृषक हुन् । उनले शान्ति शान्ति कफी ट्रेड कम्पनी स्थापना गरी उद्योग सञ्चालन गर्दै आएका छन् । उनले स्थापना गरेका उद्योगमा कफी टिप्ने, प्रशोधन र तयार पार्ने अवधिसम्म दर्जनौं युवायुवतीले रोजगार पाएका छन् । निजी फर्ममा कफी उत्पादनसँगै तयार गरिन्छ । स्याङ्जासहित आसपासका बाहिरी जिल्लाबाट रातो दाना (फ्रेस चेरी) खरिद गरेर कफी तयार गरिँदै आएको छ । उबितले सोही कफीलाई एआईमार्फत विभिन्न ब्रान्डका कफी बनाउने गरेका छन् । स्याङ्जा कफीका लागि उपयुक्त भूगोल र हावापानी भएको जिल्लाका रूपमा लिइन्छ । स्याङ्जाका ११ वटै स्थानीय पालिकामा कफी खेती गरिँदै आएको छ । अरविका र यसका विभिन्न प्रजातिका कफीका बिरुवा रोप्ने गरेको स्थानीयले बताए । कम मेहनतमा राम्रो आयआर्जन लिन सकिने हुँदा जिल्लामा बर्सेनि कफी खेतीतर्फ आकर्षण बढेको छ । बिरुवा रोपेको ३ वर्षपछि फल दिने गरेको छ भने कफीको प्रतिबोटमा एक मौसममा ५ देखि २० किलोसम्म फल लाग्ने गरेको कफी कृषकको भनाइ छ ।वनजंगलसँग बाँझो र खालि रहेको पाखा पखेरामा पनि कफीका बिरुवा रोप्न सकिन्छ । कफीको रातो दाना स्थानीयस्तरमा प्रतिकिलो एक सय ५० रुपैयाँमा खरिद बिक्री हुने गरेको छ । यसैगरी, पार्चमेन्ट प्रतिकिलो ९ ५० रुपैयाँदेखि एक हजार १५० र ग्रीनबिन एक हजार ८ सयदेखि दुई हजार ५ सय रुपैयाँसम्म प्रतिकिलोमा खरिद बिक्री हुदै आएको छ । जिल्लामा करिब ३५ टन कफी उत्पादन हुँदै आएको कफी व्यवसायी संघले जनाएको छ ।

*-कारोबार दैनिक डटकम*


## पलायन भएका कृषि वैज्ञानिकलाई कारबाही गर्दै नार्क




**ललितपुर,** चरम जनशक्ति अभावबीच गुज्रिँदै आएको नेपाल कृषि अनुसन्धान परिषद्(नार्क)ले विभिन्न वहानामा विदेश पलायन भएका कृषि वैज्ञानिकलाई कारबाही गर्ने भएको छ । नार्कमा कार्यरत उनीहरू अध्ययन तथा अन्य वहानामा विदेश गएर हालसम्म पनि काममा नफर्किएका कारण उनीहरूमाथि कारबाही प्रक्रिया सुरु गरिएको नार्कले जनाएको छ ।

उनीहरूबाट हर्जनास्वरूप करिब सात करोड रुपैयाँ असुलउपर गर्ने गरी प्रक्रिया अघि बढिसकेको नार्कका निर्देशक डा. भानुभक्त पोखरेलले 'कृषि वैज्ञानिक पत्रकार अन्तरक्रिया' कार्यक्रममा जानकारी गराएका हुन् । उनका अनुसार बढ्दो कृषि वैज्ञानिक पलायनका साथै विगत लामो समयदेखि वैज्ञानिक, प्राविधिक र अन्य कर्मचारी गरी आधाभन्दा बढी जनशक्तिको पदपूर्ति हुन नसक्दा कृषि अनुसन्धानका क्षेत्रमा नार्कले अपेक्षाअनुसार प्रगति गर्न सकिरहेको छैन । प्रशासनतर्फ ४५ प्रतिशत, लेखातर्फ ४२ प्रतिशत, प्राविधिकतर्फ ५१ प्रतिशत, प्राविधिक अधिकृततर्फ ५१ प्रतिशत र वैज्ञानिकतर्फ ५५ प्रतिशत दरबन्दी रिक्त रहेको नार्कले जनाएको छ । स्रोत साधन अभावबीच पनि नार्कले स्थापनायता विभिन्न एक सय १७ बाली गरी कुल १२ सय ७६ जात सिफारिस गरेको छ । तीमध्ये करिब दुई सय ७७ सात सूचीबाट हटाइएका छन् । सिफारिस गरिएका जातहरूको औसत अनुशरणदर बालीअनुसार फरक-फरक रहेको छ । धानबालीमा ३५ प्रतिशत, मकैमा ४२ प्रतिशत, गहुँमा ९४ प्रतिशत, मुसुरोमा ६० प्रतिशत र आलुमा ४६ प्रतिशत रहेका छन् । नार्क स्थापनापछि खेतीयोग्य जग्गा नगन्यमात्रामा वृद्धिका बाबजुद पनि प्रमुख खाद्यान्न बालीहरूको उत्पादन र उत्पादकत्व उल्लेख्य रूपमा वृद्धि भएको नार्कको भनाइ छ । नार्कका अनुसार धान उत्पादन एक सय २१ प्रतिशत, मकै एक सय ५२ प्रतिशत र गहुँ उत्पादन दुई सय एक प्रतिशतले बढेको छ । त्यस्तै, धानमा उत्पादकत्व ५४ प्रतिशत, मकैमा ७८ प्रतिशत र गहुँमा एक सय २१ प्रतिशत उत्पादकत्व पुगेको छ । *-इहिमालय टाइम्स*

# आज विश्व दूरसञ्चार दिवस मनाइँदै



**पाल्पा,** जेठ २/ आज विश्व दूरसञ्चार दिवस । दूरसञ्चारमा भएका उपलब्धि र आवश्यकतालाई परिपूर्ति गर्ने बारेमा जानकारीमूलक कार्यक्रम आयोजना गरी विश्वभर ५७ औं विश्व दूरसञ्चार दिवस मनाइँदै छ । नेपालमा पनि विभिन्न चेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदै छ । हरेक वर्षको मे १७ मा यो दिवस मनाउने गरिन्छ ।

विश्वमा दूरसञ्चार सेवा विकास, विस्तार, सञ्चालन र नियमनको प्रभावकारी व्यवस्था होस् भन्ने उद्देश्यले सन् १८६५ मे १७ मा अन्तर्राष्ट्रिय टेलिग्राम युनियन जन्म भएको थियो । यो दिवस मनाउनुको मुख्य उद्देश्य विश्वमा दूरसञ्चार सेवा (भ्वाइस, डाटा, दृश्य प्रसारण) को विकास र विस्तारमा समाजमा देखापरेका समस्या सुल्झाउने तथा देशको आर्थिक विकास र सामाजिक रूपान्तरणमा सक्दो सहयोग पुऱ्याउने हो । यस क्षेत्रका नीति निर्माता नियामक संस्था सेवाप्रदायक र उपभोक्ताबीचको जनचेतना जागृत गराउनु र सोहीअनुसार सेवा विस्तार गर्नु हो । सन् १९१३ मा पहिलो पटक काठमाडौंमा टेलिफोन लाइन जोडिएकोमा एक वर्षपछि सन् १९१४ मा काठमाडौंदेखि भारतको रक्सौलसम्म टेलिफोनको प्रयोजनका लागि तार लाइन जडान गरिएको थियो । सन् १९३६ मा काठमाडौंबाट धनकुटासम्मको ट्रंक लाइन स्थापना गरियो । सन् १९५० मा उपत्यकामा राजदरबार र तत्कालीन राणा परिवारले प्रयोग गर्ने गरी १०० लाइन टेलिफोन क्षमताको एक्सचेन्ज जडान भयो । यी फोनहरू शासक वर्गका लागि मात्र उपलब्ध थियो । सन् १९६२ मा आएर मात्रै सर्वसाधारणको प्रयोजनका लागि ३०० लाइन क्षमताको एक्सचेन्ज काठमाडौंमा जडान भएको थियो । त्यसलाई सन् १९६५ मा एकहजार लाइन क्षमताको बनाइयो । सन् १९७४ मा माइक्रोवेभ लिंकलाई बिस्तार गरियो । सन् १९८३ मा डिजिटल टेलिफोन एक्सचेन्ज जडान गरिएको थियो । सन् १९९९ मा नेपालमै पहिलो पटक मोबाइल फोनको शुरुवात भयो । सन् २००० मा आएर इन्टरनेटको व्यवसायिक शुरुवात भएको हो । अहिलेको अवस्थामा टेलिकम सेवा प्रदायकले संस्थाहरुको क्षमतामा ह्रास आई सूचना तथा सञ्चार प्रविधिको क्षेत्र तहसनहस हुने जोखिम उच्च हुने देखिन्छ । तसर्थ समयमै उपयुक्त कदम चाली सूचना तथा सञ्चार प्रविधिमा लगानी बढाए मात्र नेपालले डिजिटल नेपाल तथा विश्व दूरसञ्चार दिवस मनाउनुको सार्थकता रहने छ ।

## आज विश्व उच्च रक्तचाप ...

...मानिसलाई उच्च रक्तचाप भएको समेत थाहा नपाउने भएकाले यसको रोकथामका लागि विद्यालय तहदेखि नै पाठ्यक्रममा रक्तचाप र मुटुको रोग सम्बन्धी पठनपाठनको व्यवस्था र समुदायस्तरमै परीक्षण गर्नुपर्ने विज्ञ बताउँछन् । आधारभूत स्वास्थ्य परीक्षण गराउँदा कुनै समस्या देखिए सामान्य औषधिको प्रयोगबाट पनि रोग नियन्त्रण गर्न सकिने भएकाले समुदायस्तरमा जनचेतना फैलाउनुपर्ने चिकित्सकहरुको जोड रहेको छ । अति व्यस्त र मानिसको महत्वाकांक्षी सोचका कारण स्वास्थ्यलाई ध्यान नदिने र आम्दानीलाई प्राथमिकतामा राख्ने प्रवृत्तिका कारण पनि उच्च रक्तचाप लगायत नसर्ने रोग बढिरहेको छ ।

**रक्तचाप भनेको के हो ?**

मुटुले पम्प गरेको रगत नलीबाट मानव शरीरका विभिन्न भागमा पुग्छ । मुटुले पम्प गर्दा एक प्रकारको चाप निस्किन्छ । जुन मुटुको नसामा बग्दा नसामा दिने प्रेसर नै रक्तचाप हो। यो चाप विशेष प्रकारको यन्त्रबाट नापिन्छ ।

**उच्च रक्तचाप हुनुको कारण के हो ?**

सबैको कारण थाहा हुँदैन । तर केही व्यक्तिमा थाहा हुन्छ । वंशाणुगत रूपमा सो समस्या छ भने उमेर बढ्दै जाँदा देखिने हो । त्यसैगरी प्राकृतिक रूपमै उमेरसँगै नसाहरू खुम्चिँदै जाँदा यो समस्या बढ्दै जान्छ । आृनै कारण, मिर्गौला रोगका कारण, सिस्टेलिक रोग, थाइराइड तथा हर्मोनका बिरामीमा पनि उच्च रक्तचाप बढी हुन्छ । धेरैलाई निश्चित उमेर पुगेपछि रक्तचाप देखिन्छ । आृनै कारणले पनि उच्च रक्तचाप बढेको हुन सक्छ । विभिन्न कारणले शरीरमा १० प्रतिशतमा यो समस्या देखिन्छ ।

उमेरमै उच्च रक्तचाप देखिनुको मुख्य कारण व्यक्तिले अपनाएको जीवनशैली नै हो । आरामदायी जीवन, धुमपान तथा मध्यपान अत्यधिक गर्ने, व्यायाम नगर्ने, चिल्लो तथा बोसोजन्य खानेकुरा बढी खाने, खानपानमा ध्यान नदिने, तौल नियन्त्रण नगर्ने, कोलस्ट्रोल तथा सुगरको मात्रा बढ्दै जानेहरूमा पनि उच्च रक्तचाप बढेको देखिन्छ । विकसित मुलुकले यो समस्यालाई पहिल्यै व्यवस्थापन गरिसकेका छन् भने हाम्रो जस्तो विकासोन्मुख देशमा बढ्दै छ । तेस्रो विश्वका मुलुकहरूमा यो समस्या बढ्दो देखिन्छ ।

मस्तिष्कको नसामा रक्तसञ्चार बन्द हुन सक्छ, मुटुको धमनी फुट्ने, आँखाको दृष्टि नसामा असर पुग्ने र महत्पूर्ण अगंहरूलाई समाउन सक्छ । साथै मिर्गौला फेल हुने, पक्षघात, ब्रेन हेमरेज हुने जस्ता समस्या पनि देखिन सक्छ । रक्तचाप एउटा माध्यम हो, यसको असर विभिन्न अंगमा विभिन्न तरिकाले आउन सक्छ । उच्च रक्तचाप भएका सबैलाई अन्य अंगमा असर नगर्न पनि सक्छ ।

खेलकुद समाचार

## अमेरिकामाथि नेपालको शानदार जित



**काठमाडौं,** जेठ २/ ओपनर कुशल भुर्तेलको शतकमा आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत अमेरिकामाथि नेपालले ९ विकेटको शानदार जित निकालेको छ । अमेरिकाले दिएको १९६ रनको लक्ष्य नेपालले ३६ ओभर ४ बलमा एक विकेट गुमाएर पूरा गऱ्यो । ओपनर कुशलले ११७ बलमा १२० रनको अविजित शतकीय इनिन्स खेले । उनले १३ चौका र ४ छक्का प्रहार गरे । कुशल र आसिफ शेखले पहिलो विकेटका लागि १४५ रनको उत्कृष्ट साझेदारी गरेका थिए । आसिफ ७२ बलमा ५९ रन बनाएर आउट भए । इसान पाण्डे २९ बलमा १६ रन बनाएर नटआउट रहे । बलिङमा मोहम्मद मोहसिनले एक विकेट लिए ।त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको अमेरिका ४३ ओभर ३ बलमा १९५ रनमा समेटिएको थियो । अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाए । उनले ८९ बलमा ८ चौका र ३ छक्का प्रहार गरे । स्मितले शेहान जयसुरियासँग दोस्रो विकेटका लागि शतकीय साझेदारी गरेका थिए । शेहान ५२ बलमा ५० रन बनाएर आउट भए । शतकीय साझेदारीलाई नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीले ब्रेक लगाएका थिए । १२२ रन जोड्दा एक विकेट गुमाएको अमेरिकाले त्यसपछि भने लगातार विकेट गुमाउन पुग्यो । नेपाली बलर हाबी हुँदा अमेरिकी ब्याटरले ठूलो साझेदारी बनाउन सकेनन् ।

अर्थ/कर्पोरेट समाचार

## जेठमा पनि घटाए बैंकहरुले ब्याजदर



**पाल्पा,** जेठ २/ वाणिज्य बैंकहरूले जेठ महिनाका लागि पनि ब्याजदर केही घटाएका छन्। उच्च तरलता तथा न्यून कर्जा प्रवाहको अवस्थासँगै बैंकहरूको ब्याजदर घटेको हो।

बैंकहरूले हरेक महिनाको मसान्तका दिन अर्को महिनाको लागि ब्याजदर सूची सार्वजनिक गर्दै आएका छन्। गत बिहीबार जेठ महिनाका लागि नयाँ ब्याजदर सूची सार्वजनिक गरेका हुन्। वैशाखको तुलनामा जेठमा ७ बैंकले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम ब्याजदर घटाएका छन् भने १३ ले स्थिर राखेका छन्। अधिकांशले ब्याजदर स्थिर राखे पनि केहीले घटाएसँगै औसतमा ब्याजदर घटेको हो। बैंकहरूले व्यक्तिगत मुद्दतीमा अधिकतम ब्याजदर ४.७५ प्रतिशत दिने भएका छन्। वैशाखमा औसत ब्याजदर ४.४ प्रतिशत रहेकोमा जेठमा यस्तो औसत ब्याजदर ४.३ प्रतिशत छ । सिद्धार्थ बैंकले भने ब्याजदर बढाएको छ। सिद्धार्थले ४ प्रतिशतबाट बढाएर ब्याजदर ४.०५ प्रतिशत दिने भएको छ । ६ बैंकले भने ब्याजदर झनै घटाएका छन्। जेठ महिनामा मुद्दतीमा सबैभन्दा धेरै ब्याज राष्ट्रिय वाणिज्य बैंकबाट पाइनेछ। यो बैंकले ४.७५ प्रतिशत ब्याज दिनेछ भने कुमारी बैंकबाट सबैभन्दा कम ३.९६ प्रतिशत मात्रै ब्याजदर पाइनेछ। बैंकहरूले रेमिटेन्स खातामा भने व्यक्तिगत मुद्दती खातामा भन्दा एक प्रतिशत बढी ब्याज दिँदै आएका छन्। एनएमबि बैंकले जेठका लागि ब्याजदर वैशाखको तुलनामा ०.२० प्रतिशत विन्दुले घटाएर ४.८ प्रतिशत दिने भएको छ। वैशाखमा एनएमबिले व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम ५ प्रतिशत ब्याजदर दिएको थियो। वैशाखको तुलनामा जेठमा ब्याजदर घटाएका बैंकमा एनएमबि, एनआईसी एशिया, हिमालयन, कुमारी, सिटिजन्स, स्ट्यान्डर्ड चार्टर्ड र कुमारी छन्। त्यस्तै स्थिर राखेकामा राष्ट्रिय वाणिज्य, प्रभु, नबिल, ग्लोबल आईएमई, माछापुच्छ्रे, सानिमा, नेपाल इन्भेस्टमेन्ट मेगा, लक्ष्मी सनराइज, नेपाल बैंक, नेपाल एसबीआई, प्राइम कमर्सियल र कृषि विकास र एभरेष्ट बैंक छन्।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई